नेपाल सरकार

**अर्थ मन्त्रालय**

# महालेखा नियन्त्रक कार्यालय

अनामनगर, काठमाडौं

## प्रदेश तथा स्थानीय तहको विभाज्य कोषका सम्बन्धमा तयार गरिएको कार्यविधि

## (Standard Procedure for Divisible Fund of Province and Local Level)

निर्णय मिति: २०७५।०३।३२

# प्रदेश तथा स्थानीय तहको विभाज्य कोषका सम्बन्धमा तयार गरिएको कार्यविधि

## (Standard Procedure for Divisible Fund of Province and Local Level)

बाँडफाँट गर्नुपर्ने राजस्व सङ्कलन गर्ने तथा बाँडफाँट गर्ने प्रयोजनको लागि प्रदेश तथा स्थानीय तह अन्तर्गत आवश्यक पर्ने विभाज्य कोषको सम्बन्धमा तपसिल बमोजिमको व्यवस्था हुने गरी यो कार्यविधि तयार गरिएको छ।


### १. प्रदेश तह विभाज्य कोषको व्यवस्थापन

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम प्रदेश सरकारले उठाउने र अन्तर तह बाँडफाँट गर्ने व्यवस्थाको लागि ७ वटै प्रदेश तह अन्तर्गत प्रदेशको सञ्चित कोष रहने नेपाल राष्ट्र बैंकको शाखामा प्रदेश विभाज्य कोष खाता र स्थानीय विभाज्य कोष खाता गरी दुईवटा विभाज्य कोष खाता खोल्ने। सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयले उक्त खाताको सञ्चालन गर्ने।

### २. यातायात व्यवस्था कार्यालयले सङ्कलन गर्ने राजस्वको हकमा

- सवारी साधन कर अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम प्रदेश सरकारले उठाउने तथा प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने व्यवस्था रहेको।
- प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजस्व **सवारी साधन कर (राजस्व शीर्षक ११४५१), चालक अनुमति पत्र (राजस्व शीर्षक ११६२१) र यातायात क्षेत्रको आम्दानी (राजस्व शीर्षक १४२२५)** मा जम्मा भएको रकमको प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्ने र उक्त शीर्षकहरूमा जम्मा भएको रकम भोलिपल्ट सम्बन्धित प्रदेश विभाज्य कोषमा जम्मा गर्ने व्यवस्था गर्ने।
- यसका अतिरिक्त यातायात व्यवस्था कार्यालयले उठाउने आय कर (राजस्व शीर्षक ११११९), सडक निर्माण तथा सम्भार दस्तुर (राजस्व शीर्षक ११४५४) र अन्य बिक्री (राजस्व शीर्षक १४२१३) जस्ता राजस्वहरू सोझै सङ्घीय सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाउने।
- प्रदेश विभाज्य कोषमा जम्मा भएको सवारी साधन कर बापतको रकमको ४०% ले हुन आउने रकम भोलिपल्ट स्थानीय विभाज्य कोषमा जम्मा गर्ने। प्रदेश विभाज्य कोषमा जम्मा भएको ६० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्ने र स्थानीय विभाज्य कोषमा जम्मा भएको ४० प्रतिशत रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सूत्र तथा आधार बमोजिम स्थानीय तहहरूलाई बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाउने।
- प्रदेश विभाज्य कोष खातामा रकम जम्मा गर्न वा झिक्न सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयको आदेश अनिवार्य हुने।


सवारी साधन करको बाँडफाँट




**३. मालपोत कार्यालयको हकमा**

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा घरजग्गा रजिस्ट्रेसन सम्बन्धी दस्तुर बापत प्राप्त हुने राजस्व सम्बन्धित स्थानीय तहले सङ्कलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँड हुने उल्लेख छ। हाल रजिस्ट्रेसन दस्तुर बापतको राजस्व जिल्लास्थित मालपोत कार्यालयमार्फत सङ्कलन भइरहेको छ।
- मालपोत कार्यालयमा प्राप्त हुने यो राजस्व अर्को व्यवस्था नभएसम्मको लागि अहिले सङ्कलन भइरहेको व्यवस्था (जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको ख-६ खातामा जम्मा भई बाँडफाँट हुने) अनुसार नै सङ्कलन गरी बाँडफाँट गर्ने।
- मालपोत कार्यालयले सङ्कलन गर्ने पुंजीगत लाभ कर सोझै सङ्घीय सरकारको सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गर्ने।
- मालपोत कार्यालयले महिना समाप्त भएको तीन दिनभित्र सङ्कलन भएको राजस्वको ४० प्रतिशत प्रदेशलाई र बाँकी ६० प्रतिशत सम्बन्धित स्थानीय तहहरूलाई बाँडफाँट गरी सम्बन्धित सञ्चित कोषमा रकम ट्रान्सफर गरिदिन कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्ने। मालपोत कार्यालयबाट ट्रान्सफर गर्नुपर्ने विवरण र रकम सहित अनुरोध भई आएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित खातामा रकम ट्रान्सफर गर्ने व्यवस्था गरिदिने।
- प्रदेश तथा स्थानीय तहले सङ्कलन गरी बाँडफाँट हुने राजस्वलाई आवश्यक पर्ने विवरण भौचर मार्फत सङ्कलन गर्ने प्रयोजनको लागि राजस्व सङ्कलन हुने बैंक भौचरमा प्रभावित स्थान जनाउने कोठा थप गर्नुपर्ने।

घरजग्गा रजिस्ट्रेसन सम्बन्धी दस्तुरको बाँडफाँट




### ४. स्थानीय तह आफैँले सङ्कलन गरी बाँडफाँट गर्नुपर्ने राजस्वको हकमा

- मनोरञ्जन कर, विज्ञापन कर र ढुङ्गा, गिटीको बिक्री बापतको राजस्व स्थानीय तहले सङ्कलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने।
- स्थानीय तहले सङ्कलन गरी बाँडफाँट गर्नुपर्ने राजस्व सङ्कलन गर्ने प्रयोजनको लागि स्थानीय तहको कारोबार गर्ने बैंकमा ग-४ समूहको बाँडफाँट हुने राजस्व सङ्कलन गर्ने खाता खोल्ने।
- बाँडफाँट हुने राजस्व सङ्कलन गर्ने खातामा जम्मा भएको रकम मासिक रूपमा ६० प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र बाँकी ४० प्रतिशत प्रदेशको सञ्चित कोषमा ट्रान्सफर गरिदिने।
- स्थानीय तहले सङ्कलन गरेको यस्तो राजस्वको विवरण प्राप्त गरी प्रदेश तहले ट्रान्सफर गर्नुपर्ने रकममा हिसाब मिलान गर्न समेत सकिने।
- सङ्कलन भएको तथा बाँडफाँट गरिएको राजस्वको विवरण स्थानीय तहले मासिक रूपमा सम्बन्धित प्रदेशलाई दिनुपर्ने।

स्थानीय तहबाट सङ्कलन हुने राजस्वको बाँडफाँट

